

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

*सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं !*

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क १४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २७ गते शुक्रबार ❑ 10 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## मुख्यमन्त्री पोखरेल – संयुक्त राष्ट्र संघ सहायक महासचिव भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र संयुक्त राष्ट्र संघका सहायक महासचिव कान्नी विंगाराजा नेतृत्वको टोलीबीच मुख्मन्त्री कार्यालयमा बिहीबार औपचारिक भेट भएको छ।

उक्त अवसरमा नेपालका लागि फ्रान्सका राजदूत गिल्स बौरबाओ, नेपालका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका नेपाल प्रतिनिधि आइसाने मेडागान्गोडा लाबे, इसिमोडका महासचिव एवं कोइकाका नेपाल प्रतिनिधि लगायत सहभागी थिए।



गण्डकी प्रदेशका तर्फबाट पर्यटन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेल, नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रमुख सचिव रविलाल पन्थ, सचिव ज्ञानेन्द्र पौडल, मुख्यमन्त्रीका राजनीतिक सल्लाहका खड्गबहादुर कमाल भेटमा सहभागी थिए।

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) को एसिया प्यासिफिक रिजनल ब्युरो डाइरेक्टर समेत रहेकी कान्नीसँगको भेटमा मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेश देशको पर्यटकीय राजधानी भएकाले पर्यटन क्षेत्रको समग्र विकासमा सहकार्य गर्ने इच्छा व्यक्त गरे।

उनले भने, 'संघीयताको सुदृढीकरण, सेवा प्रवाहको प्रभावकारिता, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि, तथ्यांक तथा अभिलेख व्यवस्थापनरअनुभवहरुकोआदान प्रदानमा यहाँहरुको सहयोगको अपेक्षा मैले गरेको छु।' गण्डकी प्रदेश सरकारले युएनडिपी सँगको सहकार्यमा 'दिगो पर्यटन पुनरुत्थान परियोजना' सञ्चालन गर्न नेपाल सरकारले स्वीकृति दिएको जानकारी उनले गराए। युएनडिपीको कार्यालय पोखरामा खोल्न पनि उनले आग्रह गरे।

सहायक महासचिव कान्नी विंगाराजाले दिगो पर्यटन विकासका लागि नेपालसँग सहकार्य गर्न आफूहरु तयार रहेको बताइन् । 'दिगो पर्यटन पुनरुत्थान परियोजना' सञ्चालनका लागि नेपाल सरकारले अनुमति दिएकोमा उनले खुसी व्यक्त गरिन्। उनले भनिन्, 'साझा समस्या समस्या समाधान गर्न साझा प्रयत्न जरुरी छ । गरिबी, भोकमरी अन्त्यका लागि दिगो विकासका लक्ष्य हासिल गर्न सबैले सँगै यात्रा गर्नुपर्छ ।' मुख्यमन्त्री पोखरेलले सुशासनको प्रत्याभूति, संघीयताको सुदृढीकरण र विकासका कार्यमा प्रदेश सरकारको ध्यान केन्द्रित भएको छ । 'हामी अहिले कोभिडले थला पारेको सामाजिक तथा आर्थिक अवस्थालाई पुनरुत्थान गर्न अग्रसर छौं। विषम परिस्थिति पार गर्दै गर्दा स्वास्थ्य, शिक्षा र समग्र विकास प्रणालीलाई फरक ढंगबाट सम्बोधन गर्नका लागि आवश्यक तयारी थालिसकेका छौं,' उनले भने। पर्यटन, उद्योग, कृषि आदिको पुनरुत्थानका लागि गण्डकी सरकारले काम आरम्भ गरिसकेको उनले बताए । दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी कार्यान्वयनमा लैजानुका साथै दिगो विकास लक्ष्य हासिल गर्न नसकिने हुँदा यसको स्थानीयकरणको कार्य थालेको उनले बताए।

मुख्यमन्त्री पोखरेलले मित्रराष्ट्र फ्रान्सले दशकौंदेखि नेपालको विकासमा पुऱ्याउँदै आएको सहयोगका लागि राजदूतमार्फत् फ्रान्स सरकार र फ्रान्सेली जनताप्रति हार्दिक आभार व्यक्त गरे । यसैगरी नेपालले विकासका विविध आयाम र प्रविधिमा दक्षिण कोरियाबाट सहयोग पाउनुका अतिरिक्त नेपाली श्रमिकहरुले त्यहाँ सेवा गर्ने अवसर पाएको मुख्यमन्त्रीले बताए । गण्डकी विश्व विद्यालय र गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानले कोइका समक्ष राखेको प्रस्तावबारे उनले स्मरण गराए। इसिमोडले गरेका अनुसन्धान नेपालका लागि उपयोगी हुँदै आएको भन्दै मुख्यमन्त्री पोखरेलले पर्वतमालाको संरक्षण र वातावरण संरक्षणमा इसिमोडले खेलेको भूमिको प्रशंसा गरे।

मुख्यमन्त्री पोखरेल, सहायक महासचिव कान्नीसहितको टोलीले मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय परिसरमा वृक्षरोपण गरेको छ। सांकेतिक रुपमा गमलामा रोपिएका बिरुवा उपयुक्त ठाउँमा सारेर चौतारी निर्माण गरिने पर्यटन मन्त्री कँडेलले जानकारी गराए। सहायक मन्त्रीसहितको टोलीले बिहीबार पोखराको सराङकोट, अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय लगायत स्थानको अवलोकन गरेको छ।

## भूमि अधिकार मञ्चद्धारा मेयरलाई माग पत्र पेश

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

भूमिअधिकारबाट वञ्चितहरुको हक अधिकार सुनिश्चित गर्नका लागि वकालत गर्दै आएको भूमिअधिकार मञ्च कास्कीका प्रतिनिधि मण्डलले पोखरा महानगरपालिकाका नवनिर्वाचित मेयर धनराज आचार्यलाई भेटी ३ बुदें माग तथा ६ वुदें समस्याको अवस्था पहिचान पेश गरेका छन्।



मेयर आचार्यले पत्र बुझ्दै आफुपनि भूमिहिन सुकुम्बासीको समस्या छिटो होस् भन्ने चाहाने भएकोले आगामी २/३ वर्ष भित्रमा समस्या समाधानकोलागि प्रतिवद्ध रहेको बताउँनु भएको मञ्चका कास्की जिल्ला अध्यक्ष प्रेमबहादुर गुरुङले वताउनु भयो । अध्यक्ष गुरुङसहित मञ्चका गण्डकी प्रदेश सदस्यहरु रामबहादुर लामिछाने र टेकबहादुर पुन, कास्की जिल्ला सदस्य हरिकुमारी गुरुङ र पोखरा महानगर अध्यक्ष लेखमाया थापाको प्रतिनिधि मण्डलले विहिबार पोखरा महानगरपालिका कार्यालयमा गई मेयरलाई पेश गरिएको पत्रमा पोखरा महानगरपालिका र ३३ वटै वडाहरुमा राष्ट्रिय भूमि आयोजको सहजीकरण समितिमा मञ्चको तर्फबाट १ महिला र १ पुरुषलाई मनोनित गर्नुपर्ने उल्लेख छ । त्यसैगरी पत्रमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थीत बसोबासहरुलाई भोगाधिकारको आधारमा सोही स्थानमा जग्गाको नाप नक्सा गरी निस्सा उपलब्ध गराई पूर्जा सहितको व्यवस्था गर्न र विगत २०६८ सालमा नेपाल सरकारले गठन गरेको सुकुम्बासी समस्या समाधान आयोगले भूमिहिन सुकुम्बासीहरुलाई छानविन गरी उक्त वस्तीहरुमा जग्गा नाप नक्सा समेत तयार गरी सुकुम्बासी परिचयपत्र वितरण गरेको हुनाले उक्त प्रमाणलाई आधारमानी निजहरुलाई सोही स्थानमा श्रेस्ता कायम गरी पूर्जा वितरण गरियोस् भन्ने पत्रमा उल्लेख गरिएको मञ्चका कास्की जिल्ला अध्यक्ष प्रेमबहादुर गुरुङले वताउनु भयो।

माग पत्रको साथमा मञ्चले ६ वुदाँमा पोखरा महानगरपालिका भित्र पोखरा १० को नागिन टोल, पोखरा ९ को शिवटोल, पार्वतीटोल, कृष्णटोल, गणतान्त्रिक टोल, शुभकामना टोल, पोखरा १५ को द्धारे खरबारी मजुवा र शिवशक्ति टोल, पोखरा १८ को पिपलडाली सुकुम्बासी वस्तीहरुमा कुन कुन वडामा कहिले देखि कति भूमिहिन सुकुम्बासीहरु वसोबास गर्दै आएका लगाएत कास्की जिल्ला भित्र धेरै वस्तीहरुमा छुट्टाछुट्टै किसिमका समस्या रहेको जानकारी तथा विवरण पत्रमा उल्लेख गरिएको संस्थापक रामबहादुर लामिछानेले वताउनु भयो।

## बढायो पेट्रोलियम पदार्थको मूल्य

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

नेपाल आयल निगमले इन्डियन आयल कर्पोरेसन (आइओसी) लाई किस्ता तिर्न रकम नपुगेपछि पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ।

निगम सञ्चालक समितिको बैठकले आज राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर रु ८ र डिजेल/मट्टितेलमा प्रतिलिटर रु १२ वृद्धि गरेको हो।

मूल्य बढेसँगै पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर रु १७८ र डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर १६५ पुगेको छ । निगमले खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको मूल्य भने यथावत राखेको छ। बुधबारसम्म निगमले आइओसीलाई रु २० अर्बभन्दा बढी रकम तिर्न बाँकी छ। निगमले प्रत्येक अङ्ग्रेजी महिनाको ८ र २३ तारिखमा आइओसीलाई पेट्रोलियम पदार्थ खरिद गरेबापतको रकम भुक्तानी गर्दै आएको छ । अन्तर्राष्ट्रिय बजारमा उच्च दरले पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको र आइओसीलाई तिर्नुपर्ने बक्यौता रकम बढ्दै गएकाले मूल्यवृद्धि गर्नुपरेको निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताउनुभयो। निगमले गत सातामात्र पेट्रोल, डिजेल/मट्टितेलको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु १० घटाएको थियो । मूल्य समायोजनपछि पनि पाक्षिकरुपमा रु तीन अर्ब ८९ करोड घाटा रहँदै आएको निगमको भनाइ छ।

## 'प्रज्ञा उत्सव' कार्यक्रम गर्दै गण्डकी प्रज्ञा प्रतिष्ठान

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

गण्डकी प्रज्ञा प्रतिष्ठानले 'प्रज्ञा उत्सव' कार्यक्रम आयोजना गर्ने भएको छ। कार्यक्रम असार १० गतेबाट १२ गतेसम्म प्रतिष्ठानकै हलमा आयोजना हुने सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो।

जस अनुसार पहिलो दिन असार १० गते आर्ट कार्यशाला गरिनेछ। दोस्रो दिन असार ११ गते कविता, गजल, मुक्तक, लघुकथा वाचन कार्यक्रम हुनेछ। सोही दिनमा नाटक धनीरामको गोरु समेत मञ्चन गरिनेछ ।

यसैगरी असार १२ गते विभिन्न साँस्कृतीक प्रस्तुती, एकेडेमीको वार्षिक कार्यक्रम श्रव्य दृश्य मार्फत जानकारी, विभिन्न जातीको झाँकी प्रदर्शन हुनेछ। सोही दिन कला, साहित्य, संगीत र संस्कृतीको क्षेत्रमा योगदान पुऱ्याउने एक-एक जना व्यक्तिलाई सम्मान समेत गर्ने प्रतिष्ठानले तयारी गरेको छ।




यसैगरी पुस्तक प्रदर्शन, लोपोन्मुख बाजा प्रदर्शन, पृथ्वीनारायण क्याम्पस विज्ञान संकायका विद्यार्थीद्धारा तयार गरिएका सामाग्रीको प्रर्दशन समेत प्रज्ञा उत्सवको आर्कषणको रुपमा रहनेछ।

कार्यक्रम गर्नुको मुख्य उद्धेश्य नयाँ पुस्ताहरूलाई मौलिक् संस्कृतिको बारेमा जानकारी दिन तथा उनीहरुमा अभिरुचि प्रदान गर्न भएको सदस्य सचिव श्रेष्ठले बताउनुभयो । निरन्तर यसै क्षेत्रमा लागेकाहरूलाई सम्मान मार्फ़त हौसला बढाउन मात्र नभएर श्रस्टाहरूलाई एकेडेमीसँग साक्षात्कार गराउँने कार्यक्रमको लक्ष्य रहेको उहाँले खुलाउनुभयो। यस्ता कार्यक्रमले लुकेका प्रतिभा बाहिर ल्याउन सहयोगी बन्ने गण्डकी प्रज्ञा प्रतिष्ठानको विश्वाश छ।गण्डकी प्रज्ञा प्रतिष्ठानले साहित्यका सबै विधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्द्धन गर्न क्रियाशिल बन्ने उपकुलपति गोरे गुरुङले बताउनुभयो। 'प्रज्ञा उत्सव' कार्यक्रममका सहभागी भई रौनकता प्रदान गरिदिन सबैमा उहाँको आग्रह छ । आगामी वर्षदेखि वार्षिकउत्सवको अवसरमा यो कार्यक्रमलाई निरन्तरता दिने प्रतिष्ठानले जनाएको छ।

प्रतिष्ठानको स्थापना २०७८ बैशाख १५ गते भएको थियो । स्थापना भएको छोटो समयमानै प्रतिष्ठानले विभिन्न महत्वपूर्ण कार्यक्रम आयोजना गरिसकेको छ।

## अमेरिकी सेनाका एशिया-प्रशान्त क्षेत्र प्रमुख नेपालमा

**रासस**
**काठमाडौ २६ जेठ**

अमेरिकी सेनाका एशिया-प्रशान्त क्षेत्र प्रमुख चार्ल्स ए फ्लिन चारदिने औपचारिक सद्भावना भ्रमणका लागि बुधबार नेपाल आउनुभएको छ।

उहाँलाई बुधार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली सेनाका रथी बालकृष्ण कार्कीले स्वागत गर्नुभएको थियो । नेपाली सेनाका अनुसार उहाँले शुक्रबार सैनिक मुख्यालय जङ्गी अड्डाको भ्रमणका साथै प्रधानसेनापति प्रभुराम शर्मासँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ।

उहाँको भ्रमण तालिकाअनुसार सगरमाथाको आधार शिविर पुग्ने तथा आइतबार उहाँले काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको समेत भ्रमण गर्नुहुनेछ । उहाँले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि भेटवार्ता गर्ने बताइएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्तर विद्यालय क्रिकेट प्रतियोगितामा सिद्धार्थ र भद्रकाली मावि विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

पोखरामा जारी ब्रेकिङ बाउण्ड्रिज एमसिसी अन्तर विद्यालय छात्र छात्रा क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीबारको खेलमा सिद्धार्थ मावि र भद्रकाली मावि विजयी भएका छन् ।



पहिलो खेलमा सिद्धार्थले शुक्रराज वलभद्र माविलाई ६ विकेटले पराजित गरेको थियो । अर्को खेलमा भद्रकालीले महेन्द्र माविमाथि ८ विकेटको जित निकाल्यो ।

पहिला ब्याटिङ गरेको भद्रकालीले ६३ रनमै सम्पूर्ण विकेट गुमाएको थियो । खेलमा १ ओभर बलिङ गर्दै ३ रन खर्चिएर ४ विकेट लिएका सिद्धार्थका शन्देस नेपाली म्यान अफ द म्याच भए। अर्को खेलमा पहिला ब्याटिङ गरेको महेन्द्र माविले १५ ओभरमा सम्पूर्ण विकेट गुमाएर ५९ रन मात्रै बनाउन सक्यो ।

प्रत्युत्तरमा भद्रकालीले ८.४ ओभरमै ६० रनको लक्ष्य भेटाएको थियो । भद्रकालीका असिम गुरुङ्गले १८ बलमा ६ चौकाको मद्धतमा २६ रन बनाए । बलिङतर्फ ३ ओभरमा २ मेडन सहित २ विकेट लिएका भद्रकालीका रविन गुरुङ्ग म्यान अफ द म्याच भएका थिए ।

# पहिरोले मध्यपहाडी लोकमार्गको घोडाबाँधे गलकोट खण्ड अवरुद्ध

**पोखरापत्र संवाददाता**
**बलेवा, २६ जेठ**

वर्षासँगै आएको बाढीका कारण पहिरो खस्दा पुष्पलाल (मध्यपहाडी) लोकमार्गको घोडाबाँधे गलकोट खण्ड पूर्णरूपमा अवरुद्ध भएको छ। बुधबार साँझ गलकोट क्षेत्रमा भीषण वर्षापछि लोकमार्गको उक्त खण्डमा दर्जन बढी पहिरो खसेका छन् ।



लोकमार्ग अवरुद्ध हुँदा लामो तथा छोटो दूरीका सवारी आवागमन रोकिएको छ भने सर्वसाधारणलाई पैदलयात्रा गर्नसमेत कठिन भएको स्थानीयवासीले बताए। बागलुङको गलकोट, बुर्तिबाङ, खर्वाङबाट काठमाडौँ, पोखरालगायतका सहरमा जाने लामो दूरीका सवार ीसाधन रोकिएका छन् भने गलकोट, ढोरपाटननगरपालिका र ताराखोला, निसीखोला, तमानखोला र बडिगाड गाउँपालिकाबाट सदरमुकाम आउने सबै सवारीसाधन गलकोटमै रोकिएका छन् । काठमाडौँ-पोखरालगायतका ठाउँबाट रुकुमपूर्वका लागि छुटेका सवारी घोडाबाँधेमा रोकिएको प्रहरीले जनाएको छ। बाढीपहिराले सडक क्षतविक्षत बनाएको हुँदा खुलाउन केही समय लाग्ने गलकोट नगर प्रमुख भरत शर्मा गैरेले बताउनुभयो ।

त्यस्तै बाढी र पहिराका कारण गलकोटको नरेठाँटी बजार उच्च जोखिममा परेको छ । गलकोट नगरपालिका-२ नकटेखोलामा बाढी आउँदा नरेठाँटी बजारका ३५ घर उच्च जोखिममा परेको वडाध्यक्ष हिमबहादुर भण्डारीले जानकारी दिनुभयो । बिहीबार साँझदेखि रातभर परेको भिषण वर्षाका कारण जसपुरबाट झरेको पहिरो नकटेखोलमा आउँदा नरेठाँटी बजार उच्च जोखिममा परेको अध्यक्ष भण्डारीको भनाइ छ।

बाढीको त्रासले स्थानीय रातभर जागराम बसेका छन् । नकटेखोलाको कटानले तटीय क्षेत्रका घरसमेत जोखिममा परेको उहाँले बताउनुभयो। बाढीले महेन्द्र माविको खेलमैदान पुरिएको र विद्यालयसमेत जोखिममा परेको उहाँले बताउनुभयो। रातभर स्थानीयवासी र मेसिनको प्रयोग गरी बाढी तर्काउने कोसिस गरेको उहाँको भनाइ छ।

# वर्षा सुरु भएपछि मनाङवासीमा त्रास

**रासस**
**मनाङ, २६ जेठ**

नेपालभर मनसुन फैलिने क्रममा छ । मनसुन फैलने क्रमसँगै वर्षाको सुरुआत भइसकेको छ। वर्षा सुरु भएसँगै हिमाली जिल्ला मनाङवासीको त्रास बढेको छ। गत वर्षको ३१ जेठ र असारको पहिलो साता मर्स्याङ्दी नदीमा आएको बाढीबाट प्रभावित मनाङवासीमा त्रास बढेको हो।

गत वर्षको बाढीका कारण घरबारविहीन भएका मनाङ नासों गाउँपालिकाको सिरानताल र तालगाउँका विस्थापित अझै टेन्ट र टहरामै बस्न बाध्य छन् । वर्षाको सुरुआत भएपछि उनीहरूमा यस वर्ष पनि त्रास बढेको छ । हिउँदको चिसो कठ्याङ्ग्रिदै कटाएका बाढी प्रभावितका लागि सुरक्षित आवाससहित बस्ती स्थानान्तरणको पर्खाइमा छन् । बाढीका कारण विस्थापित तालगाउँ र सिरानतालका स्थानीयवासी सुरक्षित ठाउँमा घर कहिले बनाउन पाइएला भन्ने आसमा छन् । वर्षा सुरु भइसकेकाले मनाङवासी तथा विशेषगरी तालगाउँवासीमा त्रास बढेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो। सुरक्षित आवास अभावमा उनीहरूले भत्किएका संरचनामा बाढीले ल्याएको गिट्टी, बालुवा, ढुङ्गा हटाएर टिनको टहरा निर्माण गरी बसेको आचार्यले बताउनुभयो । उहाँका अनुसार गत मङ्सिरमा गण्डकी प्रदेश सरकारले दिएको रु दुई लाख र नासों गाउँपालिकाले दिएको रु एक लाखले अस्थायी टहरा बनाएर बसेका छन् । बाढीपीडितका लागि वर्षायामअगावै स्थानान्तरण वा सुरक्षित बासको व्यवस्था गर्ने योजना तयारी गर्न नसकिएको प्रजिअ आचार्यले बताउनुभयो। तीन तहको सरकारसँग आग्रहपश्चात यहाँका स्थानीयवासी सुरक्षित हुने अवस्थामा पुगेको उहाँले बताउनुभयो। गत वर्ष मर्स्याङ्दी नदीको बाढीले तालगाउँ र सिरानतालको बस्ती तहसनहस पारेको थियो । जोखिमयुक्त बस्ती सार्नुपर्ने विज्ञको सुझावपछि सुरक्षित बासस्थानको खोजीमा भौतारिएका स्थानीयवासीलाई हिउँदभित्रै घर बनाउने भनिए पनि वर्षा सुरु हुँदासम्म पनि टहराबाट सार्न नसकिएको उहाँ बताउनुहुन्छ। वर्षा लागिसक्दा पनि सुरक्षित बासको अझै ठेगान नहुँदा पुर्ख्यौली थातथलो नै छाड्नुपर्ने हो कि भन्ने चिन्ताले बाढीपीडित रातमा निदाउन नसकेको बताउँछन्। सुरक्षित स्थानको पहिचान नहुँदा उनीहरूले व्यक्तिगत तवरमा घर बनाउन समेत पाएका छैनन्। जग्गा अभावका कारण बाढी प्रभावितको सुरक्षित आवास निर्माण प्रक्रिया अघि बढ्न नसकेको हो। सिरानतालको सात र तालगाउँको ४३ घरधुरी अन्य सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था रहेको प्रजिअ आचार्यले बताउनुभयो । तालगाउँका बाढी प्रभावित मीनकासी गुरुङले टिनको टहरा बनाउन लामो समय कुर्नुपरेको बताउनुभयो। "ढिलै भए पनि वर्षायाममा ओत लाग्ने ठाउँ बनेको छ। सरकार रहेको आभास भएको छ", उहाँले भन्नुभयो, "अझै त्रास कम भने भएको छैन । यस वर्ष पनि नदीमा बाढी नआउँला भन्न सकिँदैन । यसको त्रास भने हामीलाई छ।" नदी किनारमा रहेको तालगाउँ बाढीको उच्च जोखिमको क्षेत्र मानिन्छ । सिरानताल क्षेत्रको भौगर्भिक अध्ययनको तयारी थालेको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ।

# जिल्ला अस्पताल स्याङ्जामा रक्तसंचार केन्द्र

**प्रकाश डोटेल**
**स्याङ्जा, २६ जेठ**

स्याङ्जा सदरमुकामस्थित पुतलीबजार नगरपालिका ३ कुमाल गाउँको स्याङजा जिल्ला अस्पतालमा रक्तसंचार केन्द्र स्थापना गरिएको छ। सरकारी र गैरसरकारी संस्थाको लामो समयको संयुक्त प्रयासपछि अस्पतालमा रक्तसंचार केन्द्र स्थापना गरिएको हो।



पुतलीबजार नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोग र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा स्याङ्जाको पहलमा रक्तदान कार्यक्रम गरी केन्द्र स्थापना गरिएको छ । नगरपालिकाको पहिलो बैठकले अस्पतालमा मृगौला डायलाइसिस सेवालाई विस्तार र रक्तसंचार केन्द्र स्थापना गर्ने निर्णय अनुसार केन्द्रको स्थापना गरिएको छ । नगरपालिकाले डायलाइसिस र रक्त संचार केन्द्र स्थापनाका लागि १० लाख रुपयाँ उपलब्ध गराउने निर्णया गरेसँगै केन्द्रको स्थापना र डायलसिस सेवा विस्तार गरिएको छ। १ सय २० पिन्ट रगत भण्डारण क्षमताको केन्द्रको पूर्ण रुपमा संचालनमा ल्याउन झण्डै २६ लाख लाग्ने नेपाल रेडक्रस सोसाइटीका सभापति दिनेश अर्यालले जानकारी दिए।

रगत अभावमा अकालमा नागरिकको ज्यान जानबाट रोक्न केन्द्र बनाउन आवश्यक थियो र रक्तदाता, सरोकारवाला र स्थानीय तहबाट सहयोग भएपछि केन्द्र बनाउन सफल भएको सभापति अर्यालले सुनाए । स्थानीय तहको सहयोगले सेवा शुरुवात गरेको छौं, प्रदेश सरकारको सहयोगले पूर्ण क्षमताको केन्द्र संचालनमा आउने अर्यालले बताए।

जिल्ला अस्पतालमा केन्द्र स्थापनासँगै रगतको अभाबमा उपचारको लागि काठमाडौ सहित ठूला र महंगा शहरमा जानुपर्ने बाध्यताको अन्त्य भएको अस्पतालको प्रमुख डा. रमेश आचार्यले बताए। उनका अनुसार शल्यक्रिया मार्फत सुत्केरी गराउने र जटिल रोगका विरामीलाई रक्तसंचार केन्द्रले ठूलो राहत मिल्नेछ। अस्पतालमा उपचारार्थ भर्ना भएका विरामीले रगतको अभावका कारण भोग्नु परेको समस्यालाई मध्यनजर गरी रक्तसंचार केन्द्र स्थापनामा पहल गरेको पुतलीबजार नगरप्रमुख तुलसीराम रेग्मीले बताए । सेवा शुरुवात भएको छ, केन्द्रका प्रभावकारीता र व्यवस्थित बनाउन सबै निकायको सहयोग अनिवार्य भएको रेग्मीले बताए।

रक्तसंचार केन्द्र स्थापनाका क्रममा गरिएको रक्तदानामा दिनेश अर्याल र महादेव श्रेष्ठले १९ औं पटक सहित जम्मा १७ जनाले रक्तदान गरेका थिए। रक्त संचार केन्द्रमा भण्डारण गरिएको रगत विरामीले निःशुल्क प्राप्त गर्ने छन् । रगत अभाव हुन नदिन रेडक्रस स्याङ्जा शाखाले रक्तदान कार्यक्रमलाई जिल्लाभर नियमित गर्ने भएको छ।

# जिसस बागलुङको प्रमुखमा अमर थापा सर्वसम्मत

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ जेठ**

जिल्ला समन्वय समिति बागलुङको प्रमुखमा अमर थापा चयन हुनुभएको छ। थापासहित उपप्रमुखमा होमनाथ शर्मा र सदस्य पदमा गठबन्धनका उम्मेदवार सर्वसम्मत चयन हुनुभएको हो ।

जिल्ला समन्वय समितिको निर्वाचन कार्यतालिका अनुसार आज २ बजेसम्म सत्ता गठबन्धनका उम्मेदवारबाहेक कसैको पनि उम्मेदवारी नपरेकाले प्रमुख र उपप्रमुखसहित नौ जना सदस्य सर्वसम्मत चयन भएको सहायक निर्वाचन अधिकृत गङ्गाधर सापकोटाले बनाउनुभयो।

राष्ट्रिय जनमोर्चाको तर्फबाट उम्मेद्वारी दिनुभएका थापा र नेपाली कांग्रेसको तर्फबाट उम्मेदवारी दिनुभएका शर्मासहित जिल्ला समन्वय समितिमा चार दलको सहभागिता छ । सदस्यमा महिला सदस्य नेपाली कांग्रेसको तर्फबाट उम्मेदवारी दिनुभएकी हरिकला पौडेल, एकीकृत समाजवादीको तर्फबाट उम्मेदवारी दिनुभएकी जशोधा शर्मा र राष्ट्रिय जनमोर्चाबाट उम्मेदवारी दिनुभएकी धनकुमारी खत्री सर्वसम्मत चयन हुनुभएको छ । अल्पसङ्ख्यक दलित सदस्यतर्फ नेपाली कांग्रेसबाट उम्मेदवार कौशीला विक निर्वाचित हुँदा खुला सदस्यतर्फ माओवादी केन्द्रका तर्फबाट हर्कबहादुर पाण्डे, कांग्रेसको तर्फबाट टेकबहादुर अर्गेजा र पदमबहादुर क्षेत्री सर्वसम्मत निर्वाचित हुनुभएको हो । मुख्य निर्वाचन अधिकृतको कार्यालयले सर्वसम्मत चयन भएका सबैलाई निर्वाचनका प्रक्रिया पूरा गरेर घोषणाको तयारी गरिरहेको सापकोटाले बताउनुभयो। बागलुङमा एउटामात्रै प्रमुख जितेको नेकपा एमालेले कुनै पनि पदमा उम्मेदवारी नदिएपछि सत्ता गठबन्धनमा रहेका दलहरुका बीचमा भएको सहमतिअनुसार उम्मेदवारी दिएका सबै सर्वसम्मत निर्वाचित हुनुभएको हो।

# अमेरिकी...

छ । नेपालस्थित अमेरिकी राजदूतावासका अनुसार नेपाल र अमेरिकाबीच कायम रहेको दशकौँ लामो रक्षा सहकार्यको निरन्तरताका रूपमा उहाँको भ्रमण हुन लागेको हो। भ्रमणका क्रममा फ्लिनले नेपाल सरकारका उच्च नेतृत्वसँग पनि शिष्टाचार भेटघाट गर्नुहुने जनाइएको छ।

उहाँले आफ्नो बसाइका क्रममा नेपालले राष्ट्रसङ्घीय शान्ति सेनामा पुर्‍याइरहेको भूमिकाको प्रशंसा गर्दै वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको अवलोकन तथा विपद् पूर्वतयारी, प्रतिकार्य तथा मानवीय सहायताका क्षेत्रमा अमेरिकी सहयोगका विविध विषयमा पनि छलफल गर्नुहुने जनाइएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नौमती बाजा संरक्षणमा युवा सक्रिय

-खेमराज गौतम
बागलुङ, २६ जेठ

नौमती बाजाका लागि चर्चित बागलुङका थुप्रै गाउँ मध्ये सिगानाको लामिचौर पनि एक हो । बागलुङमा युवा पुस्ताको बेवास्ताका कारण नौमती बाजा विस्तारै लोप हुने अवस्थामा छ ।

संस्कृति र परम्परासँग जोडिएको नौमती बाजाप्रति युवा पुस्ताको चासो नहुँदा मौलिक नौमती बाजा हराउने अवस्थामा पुगेको अवस्थामा बागलुङ नगरपालिका-८ सिगाना लामिचौरको नौमती बाजा समूह भने ब्राण्ड नै बनेको छ । पाँच वर्षअघि बागलुङको चैते दसैं मेलामा आयोजना गरिएको प्रतियोगितामा अब्बल सावित भएपछि सिगानाको नौमती बाजा धेरैले रुचाउन थालेका हुन् । माग बढ्दै गएपछि यहाँका युवा आम्दानीको स्रोत बनाउन नौमती बाजा बजाउनेतर्फ अग्रसर भएका छन् । सिगाना लामिचौरका २१ वर्षीय लक्ष्मण नेपालीको अहिले मुख्य आम्दानीको स्रोत नौमती बाजा बनेको छ । बाजामा उहाँले नयाँ तथा पुराना गीत दुरुस्तै मिलाउनुहुन्छ । उहाँ पुर्खाले आर्जेको पेशालाई निरन्तरता दिँदै घर खर्च चलाउन सानै उमेरबाट बाजा बजाउन थालेको बताउनुहुन्छ । नौमतीका सबै बाजा बजाउन जान्नुभएका उहाँले अधिकांश सहनाइ बजाउनुहुन्छ ।

नेपाली नयाँ तथा पुराना लोक गीतको भाकामा दुरुस्तै सहनाइ बजाउन जान्नुभएका नेपालीलाई धेरैले रुचाउन थालेका छन् । उहाँले बजाएको सहनाइबाट प्रभावित बनेकाले उहाँलाई थोरधैरै रकम सहयोग गर्ने गरेको बताउनुहुन्छ । "कुनै प्रशिक्षण लिएको हैन, बाबु बाजे, छर छिमकमा बजाएको सुनेर बजाउन सिकेको हुँ, नयाँ गीत आएपछि नाच्न आउनेले त्यही गीत बजाउ भन्नुहुन्छ, त्यसैले नयाँ गीत आउँदासाथ सिक्नु पर्छ", उहाँले भन्नुभयो, "हामी जस्ता युवाले अन्य स्थानमा कमै मात्रमा नौमती बजाउने गर्दछन्, हामीले नबजाए पछिल्लो पुस्तामा यो लोप हुन्छ त्यसैले यसैबाट घर खर्च चलाउँदै पुर्खाको पेशा धान्दै आएका छौं ।" नेपाली मात्रै हैन लामिचौर नौमतीबाजा समूहमा अधिकांश युवा नै आबद्ध छन् । लामिचौरमा दुई समूहमा नौमती बाजा बजाउने कलाकार छन् । अब्बल बनेको समूह हो सिगाना लामिचौर नौमतीबाजा समूह । नौमती बाजाको संरक्षण गर्दै पुख्यौली पेशा धान्नका लागि समूह गठन गरिएको छ । अहिले समूहको आफ्नै पोसाक छ भने नौमती समूहको जिल्लाको विभिन्न स्थान, म्याग्दी, पर्वत हुँदै पोखरासम्म माग भएको समूहका अध्यक्ष बाबुराम परियारले बताउनुभयो । उहाँले नौमती बाजा बजाउन आफूहरुले युवालाई प्रेरित गर्दै आएको बताउनुभयो ।

"नौमती बाजा संरक्षण गर्नुछ भने यसैलाई आफ्नो मुख्य आम्दानीको थलो बनाउनुछ", उहाँले भन्नुभयो, "हामीलाई बाजामा नरसिङ्गाको अत्यन्तै आवश्यकता छ, बाजा बनाउन अलि महँगो छ, त्यसैले बाजाविहीन भएकै कारण कतिले यो पेशा छोडेका छन्, स्थानीय सरकारले सहयोग गरे अझै सहज हुन्थ्यो ।" परियारले बाजा बजाउन पोखरासम्म पुगेको र उक्त समूहले एक दिनको रु २० हजारदेखि रु ३० हजारसम्म पारिश्रमिक लिने गरेको छ ।

नौमती बाजाको लामिचौरमा मात्रै पुर्खाहरुले ३६ प्रकारको सुर तालको बाजा बजाएको इतिहास छ । अहिले यहाँका दलित समुदायले १७ प्रकारको सुर तालको बजा बजाउने गरेका छन् । पछिल्लो समय बागलुङमा सिगानाको बाजा भनेपछि धेरैको ध्यानाकर्षण हुनेगरेको छ । नौमती नौ बाजाको सामूहिक बाजा हो । यो पञ्चेबाजाको ठूलो रूप हो । यसअन्तर्गत दमाहा, झ्याली, ट्याम्को, ढोलक, सहनाइ, कर्नाल, नरसिङ्गा बाजा हुन्छन् जसमा सहनाइ र दमाहाका दुई/दुई वटा हुन्छन् । सनही र नरसिङ्गा फुकेर, ठूलो दमाहा, सानो दमाहा, ढोलक र ट्याम्को ठोकेर तथा झ्याम्टा र मुजुरा एक आपसमा जुधाएर बजाइन्छ । नौ वाद्यवादक लोककलाकारले सुर र ताल मिलाएर एकैपटक बजाउने गरेकाले यसलाई नौमती बाजा भनिएको हो ।

# ठकुरी समाज स्याङ्जाको अध्यक्षमा खाँण

पोखरापत्र संवाददाता
स्याङ्जा, २६ जेठ

ठकुरी समाज स्याङ्जाको छैटौं जिल्ला अधिवेशन जिल्ला सदरमुकाममा सम्पन्न भएको छ ।

अधिवेशनले खमन बहादुर खाँणको अध्यक्षतामा १५ सदस्यीय जिल्ला कार्यसमिति सर्वसहमतिमा चयन समेत गरेको छ । समाजको वरिष्ठ उपाध्यक्षमा निल बहादुर मल्ल, उपाध्यक्षमा बिमल शाहि, सचिवमा सोबिता मल्ल, सह-सचिवमा राजेन्द्र सेन र कोषाध्यक्षमा नरेन्द्र सेनलाई चयन गरेको समाजका वरिष्ठ सदस्य



युवा समाजसेवी मनोज मल्लले जानकारी दिएका छन् ।

अधिवेशनले समाजको सदस्यमा थुम बहादुर सेन, गंगा शाह, कोपिला हमाल, प्रकाश मल्ल, प्रदिप मल्ल, सन्तोषि मल्ल, हिरा शाहि र पबित्रा सिंहलाई चयन गरेको छ । अधिवेशनलमा अध्यक्ष, सचिव र कोषाध्यक्षका प्रतिवेदन पारित गरिएको छ ।

# मर्स्याङ्दी ड्यामका कारण १४ घरधुरी उच्च जोखिममा

पोखरापत्र संवाददाता
तनहुँ, २६ जेठ

जिल्लाको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटस्थित मर्स्याङ्दी जलविद्युत आयोजनाको ड्यामका कारण १४ घरधुरी उच्च जोखिममा परेका छन् । उनान्सत्तरी मेगावाट विद्युत् उत्पादन क्षमता रहेको उक्त आयोजनाको ड्यामले बस्ती डुबान र कटान गर्दै जाँदा त्यस क्षेत्रका बासिन्दाको उठिबास हुने अवस्था सिर्जना भएको हो ।

ड्यामले ऐलानी जग्गा मिच्दै आएर अहिले व्यक्तिका जग्गासमेत कटान गर्दा मानवबस्ती जोखिममा रहेको मर्स्याङ्दी जल उत्पन्न प्रकोप सङ्घर्ष समितिका अध्यक्ष विष्णु पराजुलीले बताउनुभयो ।

मानवीय क्षति हुने खतरा देखिएकाले जतिसक्दो चाँडो आयोजनाले आफूहरूलाई मुआब्जा दिएर सुरक्षित स्थानमा स्थान्तरण गर्न स्थानीयवासीले माग गरेका छन् । ड्यामका कारण आँबुखैरेनी-१को ३६ रोपनी जमिन कटान गरेको उनीहरूको गुनासो थियो ।

पर्खाल लगाइदिएर बस्ती सुरक्षित गरिदिन पटक-पटक आग्रह गरिए पनि आयोजनाले बेवास्ता गर्दै आएको समितिका अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । "वर्षायामको समयमा आएर ग्याबिन जाली भरेर भ्रारा टार्ने काम भएको छ, उहाँले भन्नुभयो, "समयमै उचित व्यवस्थापन नगरिए ठूलो मानवीय क्षति हुने सम्भावना देखिएको छ ।"

विसं २०७८ असार १ गते आएको अविरल वर्षाका कारण मर्स्याङ्दी ड्याम आसपास क्षेत्रका बस्तीमा क्षति पुऱ्याउँदा जोखिम बढ्दै गएको स्थानीय पीडित सुन्दरबहादुर बानियाँले बताउनुभयो । बाढीले क्षति बनाएको थाहा पाएपछि गत वर्ष असार १५ गते आयोजनालाई जमिन संरक्षणका लागि जानकारी गराइए पनि हालसम्म कुनै सुनुवाइ नभएपछि चरणबद्ध आन्दोलनको घोषणा गरिएको उहाँको भनाइ थियो । हाम्रा पीडामा सुनुवाइ नभए ड्याम खोल्न लगाएर विद्युत् उत्पादन बन्द गराउने, कर्मचारीलाई कार्यालय प्रवेशमा रोक, सडक आन्दोलनगायत कार्यक्रम गरिने छ । उहाँले भन्नुभयो, "ड्याममा यसअघि दुई बालकसहित पाँच जनाले अकालमा ज्यान गुमाएको र अझै पनि त्यस्तो घटना हुनसक्ने वातावरण छ ।" स्थानीय तारा मगरले करिब रु डेढ करोडको लगानीमा जग्गा र घर निर्माण गरेर होटल व्यवसाय सञ्चालन गर्दै आए पनि घर भत्किन थालेपछि व्यवसाय गर्न नसक्दा बैंकको ऋणसमेत तिर्न नसकेको गुनासो गर्नुभयो । घर कतिखेर ड्याममा मिसिन्छ भन्ने डर छ । उहाँले भन्नुभयो, "अन्यत्र गएर बसौं भने पनि आफ्नो भएको सम्पत्ति नै यही हो ।"

बस्ती नै उच्च जोखिमा रहेकाले आयोजनाले जग्गा अधिग्रहण गरी मुआब्जाका लागि प्रक्रिया अघि बढाउन अनुरोध गरिएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले जानकारी दिनुभयो । पृथ्वीराजमार्गसँग जोडिने गरी जग्गा अधिग्रहण गरेर स्थानीयवासीलाई सुरक्षित स्थानमा स्थान्तरणका लागि सम्बन्धित निकायमा परिपत्र गरिएको उहाँले बताउनुभयो ।

# पर्यटकको पर्खाइमा लमजुङका घरवास

रासस
लमजुङ, २६ जेठ

जिल्लामा सञ्चालित दर्जनौं घरवास (होमस्टे) लामो समयदेखि सुनसान अवस्थामा छन् । विगतमा दैनिक सयदेखि दुई सयको हाराहारीमा पर्यटक आउने गरेकामा केही समयदेखि उक्त सङ्ख्यामा कमी आएको छ ।

नमूना घलेगाउँ, काउलेपानी, सिउरुङ, राइनास, भलामचौर, भुस्मे, नरुवाललगायत घरवासमा गत चैत १५ गतेयता मुस्किलले १०/१५ जना आउने गरेका छन् । स्थानीय तह निर्वाचनको चुनाव र बर्खा लाग्दा पर्यटक आगमन ह्वात्तै घटेको सञ्चालक बताउँछन् । क्व्होलासोथर गाउँपालिका-३ स्थित घलेगाउँ घरवासमा चुनाव अघिसम्म दैनिक डेढ सयदेखि २०० पर्यटक आउने गरेका थिए । त्यसयता ३०/४० जना मात्र आउने गरेको सञ्चालक दिर्घ घलेले बताउनुभयो । उहाँले भन्नुभयो, "कोरोनाले थला परेको पर्यटन क्षेत्र विस्तारै उठ्दै गर्दा फेरी पर्यटक आउन छाडेका छन् । पर्यटक नआउँदा आम्दानी रोकिएको छ ।"

वर्खा लागेकाले घरवास सञ्चालक चिन्तित बनेका छन् । "भदौयता पर्यटक आउने सम्भावना कमै छ, आम्दानी हुन छाड्यो, घर खर्च चलाउन समस्या भयो", घरवास सञ्चालक काशी गुरुङले भन्नुभयो ।

विसं २०५७ देखि सञ्चालित उक्त क्षेत्रमा यतिबेला ३७ घरवास सञ्चालनमा छन् । पर्यटकका लागि सत्कारसँगसँगै आफ्ना कला, भेषभूषा संस्कार, संस्कृति जोगाइराख्न जुटेका उनीहरुहरुको जातीय पहिचानसहित सांस्कृतिक नृत्यसमेत प्रस्तुत हुने गर्दछ ।

घलेगाउँ समुद्री सतहदेखि दुई हजार १०० मिटर उचाइमा छ । यो आदिवासी जनजाति गुरुङको उद्गमथलो तथा घले राजाले अन्तिम राज्य सञ्चालन गरेको गाउँ पनि हो । यहाँबाट ८ हजार १६३ मिटर अग्लो मनास्लु हिमाल, ७ हजार ८३५ मिटरको डादीचुली (डा हर्क हिमाल), ७ हजार ९३५ मिटर उचाइको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल (चौथो), ६ हजार ९६३ मिटर उचाइको माछापुच्छ्रे हिमाल, ७ हजार ८९३ मिटर उचाइको हिमालचुली, ६ हजार ९८६ मिटर उचाइको लमजुङ हिमाल र ६ हजार ६७२ मिटर अग्लो बुद्ध हिमालको अवलोकन गर्न सकिन्छ । यहाँ घलेराजामध्ये अन्तिम ज्यालु रुजा क्लेको शालिकसमेत देख्न सकिन्छ । यहाँ आउँने पर्यटकलाई घरवास सञ्चालकले गाउँघरमै उब्जाइएका अर्गानिक धान, मकै, कोदो, भटमास, सायोको साग, सिस्नोको खोले, लोकल कुखुरा, खसीबोका, भेडाको मासुलगायत परिकार खुवाउने गर्दछन् । पर्यटकलाई सत्कारसँगसँगै आफ्ना कला संस्कृति जोगाइ राख्न जुटेका गुरुङसेनीको जातीय पहिचानसहितको कृष्ण चरित्र, लामा, सोरठी, घ्यान्रे, पच्चु, भ्याउरे, चुट्का, झ्याँक्री, सेर्गालगायत सांस्कृतिक नृत्य प्रस्तुत हुने गर्दछ ।

समुन्द्री सतहदेखि एक हजार ६०० मिटर उचाइमा रहेको बेँसीशहर नगरपालिका-३ लमजुङ दरबार नजिकै रहेको काउलेपानी घरवासमा पनि वैशाखयता पर्यटक नआउँदा सुनसान छ । काउलेपानी पर्यटन विकास समितिका अध्यक्ष देवबहादुर गुरुङले भन्नुभयो, "लामो समयदेखि पर्यटक आएका छैनन्, झन् अब बर्खा लाग्न थाल्यो, घरवाससम्म आउनका लागि बाटो पनि राम्रो छैन, केही महिना सुनसान नै हुने देखिन्छ ।" विगतमा यहाँ दैनिक ४०० देखि ५०० पर्यटक आउने गरेका थिए । सन् २०११ बाट सञ्चालनमा आएको यस क्षेत्रका १५ घरमा घरवासको व्यवस्था गरिएको छ । यहाँ नेवार, गुरुङ र भुजेल समुदायको बसोबास छ । काउलेपानीबाट बौद्ध हिमाल, माछापुच्छ्रे, अन्नपूर्ण दोस्रोदेखि चौथो, मनास्लु दक्षिण, मनास्लु, अन्नपूर्ण साउथ, च्ये, डाक्टर हर्कपिकलगायत हिमश्रृङ्खला देख्न सकिन्छ । शाहवंशीय राजाको उद्गमथलो मानिने लमजुङ दरबार र सूर्योदयको मनमोहक दृश्य देख्न सकिन्छ । काउलेपानी मन्दिरको अवलोकन तथा दर्शन गर्न सकिन्छ । यहाँ प्रतिपर्यटकले एक रातको रु एक हजार ५० तिर्नु पर्छ ।

गाउँमै उब्जाएको मकै, भटमास, कोदोको सेलरोटी, गुन्द्रुकको अचारको खाजा खुवाउने बेग्लै खालको परम्परा छ । स्थानीयले बेलुकी खाना खानुअघि स्थानीय परम्परागत गीत, नाच प्रस्तुत गरी पर्यटकलाई सँगसँगै नचाउने गर्छन् । बेँसीशहर बजारदेखि दक्षिण पश्चिमतर्फ सात किलोमिटर टाढा रहेको काउलेपानी पुग्न सवारीसाधनमा ४५ मिनेट र पैदल दुई घण्टा लाग्छ । पैदल यात्रुका लागि सिँढी निर्माण गरिएका छन् । यहाँ पुग्ने सडकको स्तरोन्नति गरिएको छ ।

# आफ्नो अन्तिम खेलमा नेपालले मलेसियालाई हरायो

रासस
काठमाडौं, २६ जेठ

आईसीसी उन्नाइस वर्षमुनि (यू-१९) महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटअन्तर्गत मलेसियाविरुद्धको आफ्नो अन्तिम खेलमा नेपालले जित हासिल गरेको छ ।

मलेसियाको युकेएम ओभल क्रिकेट मैदानमा बिहीबार भएको आफ्नो अन्तिम खेलमा नेपालले घरेलु टोली मलेसियालाई २५ रनले पराजित गरेको हो । यस खेलसँगै नेपालको विश्वकप खेल्ने सपना सकिएको छ ।

नेपालले छनोटमा ६ अङ्क जोड्दै तेस्रो स्थानमा रह्यो । नेपालले ५ खेलमा ३ जित र २ हार व्यहोरेको थियो । नेपालले पहिलो खेलमा कतारलाई ७९ रनले हराएको थियो भने दोस्रो खेलमा संयुक्त अरब इमिरेट्सँग (युएई) १० विकेटले पराजित भएको थियो । त्यस्तै तेस्रो खेलमा नेपालले भुटानलाई ४ विकेटले हराएको थियो भने चौथो खेलमा नेपाल थाइल्याण्डसँग ४९ रनले पराजित भएको थियो । यस हारसँगै मलेसिया ५ खेलमा ४ अङ्क जोडेर चौथो स्थानमा रह्यो । छनोटमा युएई ८ अङ्क जोडेर शीर्ष स्थानमा रहेको छ । थाइल्याण्ड ८ अङ्क जोडेर दोस्रो स्थानमा छ । बिहीबार हुने थाइल्याण्ड र युएईबीचको खेलले विश्वकपमा पुग्ने टोलीको निर्धारण गर्नेछ । बिहीबारको खेलमा नेपालले दिएको ८७ रनको विजयी लक्ष्य पछ्याएको मलेसियाले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर ६१ रनमा समेटियो । मलेसियाको लागि एल्सा हन्टरले सर्वाधिक २८ रन जोडिन् । त्यसबाहेक अन्य ब्याटरले उत्कृष्ट खेल प्रदर्शन गर्न सकेनन् । नेपालकी कप्तान कृतिका मरासिनीले दुई विकेट लिइन् भने मनिषाकुमारी उपाध्यायले एक विकेट लिइन् ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ थालेको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ८६ रनको योगफल बनाएको थियो । नेपालका लागि अञ्जली विश्वकर्माले सर्वाधिक ३३ रनको योगदान दिइन् भने आश्मा पुलामी मगरले २६ रन जोडिन् । त्यसैगरी सृष्टि जैशी, सानु राजवंशी र अनु कठायतले समान तीन/तीन रन जोड्दा कृतिका मासिनीले एक रन जोडिन् । मलेसियाकी नुर सामेदले दुई विकेट लिइन् ।

# आइसीसी विश्वकप क्रिकेट लिग-दुई : नेपाल र ओमान भिड्ने

रासस
काठमाडौं, २६ जेठ

आइसीसी विश्वकप क्रिकेट लिग-दुई त्रिकोणात्मक एकदिवसिय सिरिजअन्तर्गत अमेरिका भ्रमणमा रहेका नेपाली क्रिकेट टोलीले चिरपरिचित प्रतिद्वन्द्वी ओमानको सामना गर्दैछ ।

अमेरिकाको ह्युस्टनस्थित क्रिकेट स्टेडियममा हुने उक्त खेल नेपाली समयअनुसार आज राति ९:१५ बजेदेखि सुरु हुनेछ । नेपाललाई अमेरिकामा हुने त्रिकोणात्मक एकदिवसीयका सबै खेल जित्नै पर्ने दबाब रहेको छ । आगामी वर्ष हुने एकदिवसीय विश्वकप छनोटमा सिधै स्थान बनाउनका लागि पनि नेपाललाई बाँकी खेल जित्नै पर्ने दबाब रहेको हो तर नेपाललाई सबै खेल जित्न त्यति सहज भने छैन । नेपालका पहिलो रोजाइका ओपनर आसिफ शेख र कुशल भुर्तेल चोटका कारण आजको खेलमा उपस्थित हुने छैनन् । उनीहरुको स्थानमा प्रशिक्षक पुबुदु दसानायाकेले ओपनर सुवास खकुरेल र सुनिल धमालालाई अमेरिका बोलाएका छन् । सुवास सन् २०२० र सुनिल सन् २०१७ पछि नेपाली टोलीमा फर्किएका हुन् ।

नेपालको तुलनामा ओमान बलियो टोली देखिन्छ । नेपाल र ओमनबीचको एकदिवसीय खेलमा हालसम्म चार खेल भएको छ । जसमध्ये नेपालले एक खेल जितेको छ भने बाँकी तीन खेल ओमानले जितेको छ । विश्वकप लिग दुईमा नेपालले यसअघि खेलको १२ खेलमा १२ अङ्क जोडेको छ । नेपालले छ खेलमा जित तथा छ खेलमा हार बेहोर्दै १२ अङ्क जोडेको हो । नेपाल अङ्क तालिकाको छैटौं स्थानमा छ ।

यता ओमनले भने ४० अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा रहेको छ । ओमानले ३३ खेलमा १९ मा जित, १२ मा हार तथा एक खेल खेलमा बराबरीको नतिजा ल्याएको छ । लिगमा रहेका सात टोलीमध्ये सबैभन्दा कम खेल खेलेको पनि नेपाल नै हो ।

त्यसैगरी स्कटल्याण्ड दोस्रो स्थानमा छ भने संयुक्त अरब इमिरेट्स (युएई) तेस्रो स्थानमा छ । अमेरिका चौथो स्थानमा रहदा नामिबिया पाँचौं स्थानमा छ । पपुवा न्यूगिनी भने सातौं स्थानमा छ ।

उक्त सिरिजअन्तर्गत नेपालले दोस्रो खेल यही जेठ २८ गते घरेलु टोली अमेरिकासँग खेल्नेछ भने तेस्रो खेल जेठ ३१ गते ओमानसँग पुन खेल्नेछ । त्यसैगरी सिरिजको अन्तिम खेल असार १ गते नेपालले अमेरिकासँग खेल्नेछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १७ मिनी मार्ग हिमालीटोल ढलान बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: मिनी मार्ग हिमालीटोल ढलान बाटो निर्माण**
**स्थान: पोखरा-१७ कास्की**
**योजना सम्झौता मिति : २०७८/१२/०२ गते**
**योजना सुरु भएको मिति : २०७८/१२/०५ गते**
**योजना सम्पन्न मिति: २०७९/०२/२५ गते**
**योजनाको कुल लागत : रु. १४,००,००० ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.७,००,००० ।-**
**जन सहभागितावाट : रु.७,००,००० ।-**
**उपभोक्ता समिति अध्यक्ष: प्रेम कुमार खत्री**
**उपाध्यक्ष: टेकनाथ खनाल, सचिवः सिता न्यौपाने, कोषध्यक्ष: इन्द्रकला थापा सदस्य: अरुण लामिछाने, प्रतिमा पराजुली, सुमित्रा गुरुङ, ववी, कमला राना ।**

**मिनी मार्ग हिमालीटोल ढलान बाटो निर्माण उपभोक्ता समिति पोखरा-१७, कास्की**